# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा

२ नम्बर प्रदेश (नेपाल)

२०७४,

सूचना ! सूचना !! सूचना !!!

### सुपरिवेक्षक र गणक आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/०९ गते)*

उपर्युक्त विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०७७/०७८, च.नं. ४० मिति २०७७/०८/१४ गतेको पत्रानुसार यस वीरगंज महानगरपालिकाभित्र आ.व. ०७७/०७८ मा सञ्चालन हुने गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका निमित्त तपसिलको पदका करार सेवामा कर्मचारी राख्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित कागजात र राजश्व तिरेको रसिद आवेदन फारमसाथ संलग्न राखी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ०६/०७७/०७८ | सुपरिवेक्षक | सहायक स्तर पाँचौ | ४ (चार) |
| २. | ०७/०७७/०७८ | गणक | सहायक स्तर चौथो | ३१ (एकतीस) |

१. **आवश्यक न्यून्तम योग्यताः**

(क) सुपरिवेक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

(ख) गणकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी. वा एस.ई.ई उतीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

(ग) उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

(घ) स्थानीय बासिन्दालाई प्राथमिकता दिईनेछ ।

२. **दरखास्त बुझाउने स्थानः** वीरगंज महानगरपालिकाको कार्यालय, वीरगंज, पर्सा । दरखास्त फारम कार्यालय वा कार्यालयको वेभसाईट www.birgunjmun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

३. **आवेदन दस्तुरः** सुपरिवेक्षकको लागि रु. ५०० (पाँच सय) र गणकको लागि रु. ४०० (चार सय)

४. **दरखास्त दस्तुर बुझाउने स्थानः** कार्यालयको परिसरभित्र रहेको नबिल बैंकमा जम्मा गरेको भौचर रसिद ।

५. **दरखास्त बुझाउने अन्तिम मिति** २०७७/१०/२३ गते सम्म

६. **सेवा तथा सुविधाहरुः** गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ ले तोके बमोजिम हुनेछ ।

७. **छनोट तरिकाः** संक्षिप्त सूची (Short List) प्रकाशन र अन्तर्वार्ता ।

८. **करार अवधिः** करार अवधि ५ (पाँच) महिना हुनेछ ।

९. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाणको प्रमाणित प्रतिलिपी, कम्प्युटर तालिम सम्बन्धी प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र कार्य अनुभव भएमा सोको प्रमाणित प्रतिलिपी ।

१०. *थप जानकारीको लागि प्रशासन तथा जनशक्ति विकास शाखा, वीरगंज महानगरपालिका, आदर्शनगर, पर्सा ।*